"समृद्ध आमचोक गाउँपालिका: शुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

१ नं. प्रदेश, नेपाल

प.सं.:-२०७९/८०

सूचना नं.:- १२

मिति– २०७९/०६/०५

## उद्यम बिकास सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धी पुन सूचना

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व ०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रमको लागि तपशिलको विवरण अनुसारका कर्मचारीहरु सेवा करारमा नियुक्ती गरी पदपूर्ति गर्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना ito.aamchowkmun@gmail.com मा सूचना प्रकाशित भएको मितिले १० दिनभित्र (मिति २०७९/०६/०५ देखि २०७९/०६/१४ सम्म  माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित निवेदन  माग गरिएकोमा आवश्यक न्युनतम योग्यता भएको उम्मेदवारहरुको आवेदन नपरेकोले पुन आजको मितिले तीन दिनभित्र आवेदन दिनुहुन अनुरोध छ ।

**तपशिल**

| क्र सं | विज्ञापन नं | पद | संख्या |
|---|---|---|---|
| १ | ०३/०७९/०८० | उद्यम बिकास सहजकर्ता | १ |

१. आवश्यक न्युनतम योग्यता:-

क. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतिर्ण गरेको, वा

ख. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटी) बाट उद्यम बिकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उतीर्ण गरेको, वा

ग. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम बिकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टीएसएलसी) उतिर्ण गरेको ।

२. सेवाको किसिम:- करार सेवा ।

३. उमेर:- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. दरखास्त दिने स्थान:- आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेवसाईट www.aamchowkmun.gov.np बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयको ईमेल ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ ।

५. दरखास्त दिने अन्तिम मिति:- २०७९।०६।५ देखि २०७९।०६।१४ सम्म ।

६. आवेदन दस्तुर:- रु ५००।–

७. छनौटको किसिम:- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र अन्तर्वार्ता परिक्षा ।

८. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रलितिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात ।

९. परीक्षा संचालन हुने मिति समय र स्थान:- दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी र वेवसाईटमा राखिने छ ।

१०. सेवा सुविधा:-आमचोक गाउँपालिकाले तोकेबमोजिम ।

११. आवेदन दस्तुर बुझाउने प्रकृया:- आन्तरिक राजश्व खाता आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको खाता नं ०२६१५३९१७५१ मा बुझाई बैक भौचर पेश गर्नु पर्नेछ ।

१२. लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप बिकास क्षेत्रमा अनुभव प्राप्त उद्यम बिकास सहजकर्तालाई विशेष प्राथमिकता दिईनेछ ।

१३. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन । आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पालिकालाई हुनेछ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

१४. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा गाउँपालिकाको मो.नं. ९८५२०८१३३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

(नोट: ईमेल बाट दरखास्त फारम बुझाउने आवेदकले दरखास्त फारम, बैंक भौचर लगायत सम्पूर्ण कागजात स्क्यान गरी ईमेल मा पठाउनु पर्नेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

धन कुमार राई

प्रमुख प्रशासकीय अधिकृत